आज मिति २०७९।०२।१२ गते स्थानीय तह सदस्य निर्वाचान २०७९ सम्पन्न गई गठित कार्यपलिकाको प्रथम बैठक राप्ती गाउँपालिका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमको उपस्थितिमा बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

## उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | शोभाराम रिजाल , राप्ती गाउँपालिका । |

## आमन्त्रित

श्री विश्वास वि.क. युवा खेलकुद, शिक्षा। शाखा प्रमुख
श्री नारायण राउत स्वास्थ्य शाखा प्रमुख
श्री विकास रोकाया प्रशासन शाखा प्रमुख
श्री बालचन्द्र गुरुङ सुचना प्रविधि शाखा प्रमुख
श्री सुभाराम भुसाल रोजगार शाखा प्रमुख
श्री सुवास भट्टराई वन वातावरण तथा विपद व्य. शा. प्रमुख
श्री नारायण प्र. राउत MLS शाखा प्रमुख
श्री रेशम राज अधिकारी सलपा

## राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षतामा मिति २०७९।०२।१२ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१ - स्थानीय तह सदस्य निर्वाचन २०७४ बाट निर्वाचित भई राप्ती गाउँपालिकाको प्रथम गाउँसभा तथा गाउँकार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदी, उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी, सम्पुर्ण वडाध्यक्षहरु ,कार्यपालिका सदस्यहरु तथा गाउँसभाका सदस्यहरुले सफलतापुर्वक आफ्नो कार्यकाल पुरा गर्नुभएकोमा धन्यवाद प्रस्ताव पारित गरियो।

निर्णय नं. २ - राप्ती गाउँपालिकाको विषयगत समिति सञ्चालन कार्यविधि २.०७८ बमोजिम विषयगत समिति गठन गर्ने सम्बन्धमा अध्यक्षद्धारा प्रस्तावित नाम उपर थप छलफल गरी अर्को बैठकबाट टुङ्याउने निर्णय गरियो ।

निर्णय नं. ३- राप्ती गाउँपालिका वडा नं २ का वडाध्यक्ष श्री पहलमान चौधरीलाई गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो।

निर्णय नं. ४- प्रधानमन्त्री रोजगार कार्यक्रम अतरगत २०७८ फागुन मसान्तभित्र सूचिकृत भएका ५९३ जना वरोजगार व्यक्तिहरुको प्राथमिकताक्रम सूचि सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं. ५- राप्ती गाउँपालिकाबाट आ व २०७९।८० को साउन महिनादेखि बालविकास कक्षा देखि कक्षा १० सम्म सामुदायिक विद्यालयमा निःशुल्क शिक्षण सिकाइ क्रियाकलाप (पठनपाठन) सञ्चालन गर्न आवश्यक पकृया अगाडी बढाउने निर्णय गरियो।

निर्णय नं. ६- राप्ती गाउँपालिकाको भालुवाङ स्वास्थ्य चौकी र सिसहनिया स्वास्थ्य चौकीबाट आ व २०७९।८० देखि MDGP सहितको आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक पकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ७- राप्ती गाउँपालिकाभित्र उत्पन्न हुने फोहोरमैलालाई अर्को वैकल्पिक व्यवस्था नभएसम्म रामजहादी र राप्ती सामुदायिक वन क्षेत्रको उपयुक्त स्थानमा सरोकारवालासंग समन्वय गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम कार्यपालिकाको निर्णय प्रमाणित गर्दछु।